मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन १० गते शुक्रबार (Friday, July 26. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**सूचना**

१) एउटै उद्देश्य, एउटै नारा
भ्रष्टाचारबाट छुटकारा,
हामी सबैको अभिभारा ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# वार्ता 'हल्ला मात्र'

## विप्लवका ९ र एक प्रहरी मारिए

**बिर्तामोड, साउन ९ ।** सरकारी पक्षले प्रतिबन्धित नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग वार्ताको चर्चा गरे हालसम्म कुनै पहल नगरेको खुलासा भएको छ ।

सरकारी पक्षका विभिन्न नेताले चन्द नेतृत्वका नेताहरुसँग भेटेर पार्टीमा महासचिव र मन्त्रीको प्रस्ताव गरेको विषय बाहिरिए पनि विप्लव माओवादीले त्यसलाई अफवाह भएको टिप्पणी गरेको छ । वार्ताको नाटक रचेर वर्तमान सरकारले नेताहरुलाई इन्काउन्टरको दाउ हेरेको उनीहरुको भनाइ छ ।

विप्लव माओवादीका एक नेताले भने- वार्ताप्रति हामीभन्दा बढी सरकार जिम्मेवार हुनु पर्ने हो । सरकार जिम्मेवार भएर वार्ताको पहल गर्नुको सट्टा मन्त्री र विभिन्न पदको लोभमा आउँछन् कि भन्नु मुर्खता मात्र हो ।

आफूहरुले पद र पैसाका लागि राजनीतिक ऐजेन्डा नउठाएको विप्लव माओवादीको तर्क छ । जनतामा आतङ्कको छाँया थोपरेको सरकारले निर्दोष जनतामाथि गोली हान्ने काम गरिरहेको बताइएको छ । वार्ता भन्दै झुक्याउने र गोली प्रहार गर्ने दाउमा ओली सरकार रहेको विप्लव माओवादीको ठहर छ ।

अहिलेकै अवस्थामा वार्ता हुन नसक्ने भन्दै आफ्ना कार्यकर्तालाई बिनासर्त छाड्नुपर्ने विप्लव माओवादीको तर्क छ ।

आफूहरुले राजनीतिक मुद्दा उठान गरिरहे पनि विभिन्न झुठा मुद्दा लगाएर ठेगान लगाउने सपना नदेख्न विप्लव माओवादीले चेतावनी दिएको छ । विप्लवले अहिले नै सशस्त्र युद्ध कार्यदिशा पारित नगरेको भन्दै विप्लव नेताले सशस्त्र दमनको निसशस्त्र प्रतिरोध चाँहि हुन नसक्ने चेतावनी दिएका छन् ।

सरकारले गत फागुन अन्तिम साता चन्द समूहमाथि प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धपछि देशभर 'सर्च एन्ड अरेस्ट' अपरेशन जारी राखेको प्रहरीले हालसम्म ६ सय ९० जनाभन्दा बढी कार्यकर्तालाई पक्राउ गरेको नेकपा माओवादीले जनाएको छ ।

नेपाल कम्युनिष्ट पार्टीले औपचारिक वार्तामा बस्नुअघि आफूहरुमाथि लागेको प्रतिबन्ध फुकुवा गर्नुपर्ने, पक्राउ परेका सबै नेता-कार्यकर्ताको निःशर्त रिहाइ र आफूहरुलाई राजनीतिक पार्टीकै व्यवहार गर्दै कार्यक्रमहरु गर्न दिनु पर्ने माग अघि सारेको छ । वार्ताको लागि हालसम्म पत्रसमेत नपठाएको सरकारले मिडियामा भने अनेक नाटक देखाएको ती नेताको भनाइ छ ।

पछिल्लो समय कैलालीको धनगढीमा आफैंले बोकेको विस्फोटक पदार्थ पड्किँदा चन्द समूहका कार्यकर्ताको मृत्यु भएसँगै विप्लव माओवादीका ९ जना कार्यकर्ताको मृत्यु भइसकेको छ । प्रहरीको कारबाहीमा परेर तीन र आफैंले बोकेको विष्फोटक पदार्थ विष्फोट हुँदा ६ जना गरी ९ जनाको मृत्यु भइसकेको जनाइएको छ । प्रहरी तर्फ भने एक जना प्रहरी जवानको मृत्यु भएको छ। आफूहरुले माफिया विरुद्धको

(बाँकी अन्तिम पृष्ठमा)

### सेक्रेटरी दीपक पक्राउ

**विराटनगर साउन ९।** नेत्रबिक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका धनकुटा- मोरङ सेक्रेटरी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा ४५ वर्षीय दीपक राई रहेको मोरङ प्रहरीले जनाएको छ । मोरङको केराबारी गाउँपालिका-३ घर भएका राईलाई बिहीबार बिहान पक्राउ गरिएको मोरङ प्रहरी प्रमुख एसपी विश्व अधिकारीले जानकारी दिए । केराबारी कै एउटा घरमा सेल्टर लिएर बसेको अवस्थामा उनलाई पक्राउ गरिएको एसपी अधिकारीले बताए ।

बम विष्फोट, चन्दा आतंक, हतियार संकलन लगायतका धेरै घटनामा राईको संलग्नता देखिएपछि अनुसन्धान गर्ने काम भइरहेको एसपी अधिकारीले बताए ।

मोरङ र धनकुटा बाहेक अन्य जिल्लाका विभिन्न घटनामा राईको संलग्नता रहेको खुलेको पनि प्रहरीले जनाएको छ ।

# सधैं मल अभाव



**बिर्तामोड, साउन ९।** माटोको उर्वराशक्ति ह्रास हुन नदिन र कृषि उत्पादन बढाउन सरकारले किसानका लागि रसायनिक मल अनुदानमा बिक्री गर्न शुरु गऱ्यो ।

जसका लागि सरकारले राष्ट्रिय मल नीति २०५८ तयार गर्दै किसानलाई सहुलियतमा मल प्रदान गर्दै आएको छ । झण्डै ९७ प्रतिशतसम्म रसायनिक मलमा सहुलियत प्रदान गर्दै आएको सरकारले कुनै वर्षपनि किसानका लागि पर्याप्त मल उपलब्ध गराउन भने सकेको छैन ।

हरेक वर्ष खेतीको समयमा रसायनिक मलको अभाव हुन्छ । यस वर्षपनि असारको पहिलो साताबाटै झापामा रसायनिक मलको अभाव भयो । धान रोप्ने समयमा पर्याप्त मात्रामा कृषकलाई रसायनिक मल डीएपी आवश्यक पर्ने भए पनि यो समयमा पर्याप्त मात्रामा डीएपी मल उपलब्ध हुन नसक्दा कृषकले मलको प्रयोग नै नगरी रोपाइँ गरेका छन् ।

त्यस्तै मकै छर्ने र मकै गोड्ने सिजनमा पनि युरिया मलको अभाव सृजना भयो । मल अभावका कारण भारतबाट अवैध रुपमा मल भित्र्याएर किसानले मकै खेती गरेपनि धान रोप्ने समयमा पनि डीएपी मल नपाउँदा अधिकांश किसानले रसायनिक मलको प्रयोग विना नै रोपाइँ गरेका छन् । कतिपय किसानले प्राङ्गारिक तथा जैविक

(बाँकी अन्तिम पृष्ठमा)

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## महिला हराएको सूचना

झापा हल्दिवारी गाउँपालिका -१ साविक गोल्धाप -२ डाँडागाउँ बस्ने गहुँगोरो वर्णकी, सेतो भूइँमा निलो र रातो थोप्ला (टिकटिक) भएको भेष्ट लगाएकी, कालो सुरुवाल र निलो जुत्ती लगाएकी वर्ष ५० की **हरिमाया गुरुङ** नाम गरेकी महिला २०७६।०४।०४ गते विहान ५ बजेबाट हराइरहेकी हुँदा देख्नु वा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।



सम्पर्क नं. : ९८१३७५०१९०/९८०७९५२००४ /९८१०१०२५९५

# छुरा हान्ने नौ पक्राउ

**झापा, साउन ९।** झापाको दमक नगरपालिका-१ मा साथीलाई छुरा प्रहार गरी हत्या र घाइते बनाउनेमध्ये नौ जनालाई प्रहरीले विहीवार पक्राउ गरेको छ । बुधबार अपराह्न ४ बजे २५/३० जनाको समूहबीच छुरा हानाहान भएको थियो ।

छुरा प्रहारबाट दमक नगरपालिका-२ का १८ वर्षीय बिक्रम लिम्बूको मृत्यु भएको थियो भने सोही वडाका १८ वर्षीय सुजन भुजेल र दमक-३ का १८ वर्षकै सरोज भण्डारी घाइते भएका थिए ।

घाइतेमध्ये भण्डारीको विर्तामोडस्थित बिएण्डसी अस्पतालमा र भुजेलको दमकस्थित लाइफ लाइन अस्पतालमा उपचार भइरहेको छ ।

घटनालगत्तै फरार रहेकामध्ये प्रदेश नं १ को प्रहरी कार्यालय विराटनगर, जिल्ला प्रहरी कार्यालय झापा र इप्रका दमकबाट खटिएको संयुक्त प्रहरी टोलीले विभिन्न स्थानबाट उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

उनीहरुमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले बताए । उनका अनुसार घटनामा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको छ ।

# डुबेर र बगेर दुईको मृत्यु

**बिर्तामोड, साउन ९ ।** खेतमा जमेको पानीमा डुब्दा र पैनीले बगाउँदा विहीवार झापामा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा हल्दिवारी गाउँपालिका -१ गोलधाप निवासी ३८ वर्षीय वीरेन्द्र बुढाथोकी र कमल गाउँपालिका - ५ निवासी ६८ वर्षीय काजीवहादुर जोशी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

**Vacancy Announcement**

**Mai Valley English School** Announce Teacher Vacancy Announcement for the following Post.

| S.No. | Subject | Qualification |
|---|---|---|
| 1 | English | + 2 or Bachelor Preferable in related filled. |

1. Energetic, Sincere and highly motivated
2. Salary : Negotiable

*Interested candidates are requested to submit their application with CV within 12th Sharwan Sunday 2076.*

**Mai Valley English School**
Birtamod -3, Jhapa (Birtabazar)
Ph. 023-543550 / 9807911483 / 9815965984

**हार्दिक बधाई तथा शुभकामना**



निजी वन सञ्जाल झापा जिल्ला उपाध्यक्ष हाम्रा आदरणीय मित्र **शान्तिराम प्रसाईं** र **कुशुम सिटौला प्रसाईंलाई** सामुदायिक वन राष्ट्रिय दिवस २०७६ को अवसरमा नेपाल सरकार वन मन्त्रालयको वन विभागले यस वर्षको **उत्कृष्ट निजी वन धनी** घोषित गरी निजी वनतर्फको नगदसहिदको **राष्ट्रिय पुरस्कारद्वारा** सम्मान गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

साथै आगामी दिनहरुमा पनि उहाँहरूको प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**लय भण्डारी : प्रोप्राइटर**
एवम् **बुधबारे पेट्रोल पम्प परिवार**, बुद्धशान्ति-३, झापा

**दोमुखा धार्मिक तथा पर्यटकीय बिकास व्यवस्थापन संस्थाको**
**आजीवन सदस्यता खुल्ला गरिएको सम्बन्धी सूचना**

झापाको दोमुखा धार्मिक तथा पर्यटकीय विकास व्यवस्थापन संस्थाको विधान सम्मत साधारण तथा आजीवन सदस्यता यही मिति २०७६ साल साउन ५ गतेदेखि खुल्ला गरिएको हुँदा इच्छुक नेपाली नागरिकले आवश्यक कागजातसहित मिति २०७६ भदौ ३१ गतेसम्ममा यस संस्थाको कार्यालयमा सम्पर्क गरी आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजात :**
नेपाली नागरिकताको प्रतिलिपि :- १
पासपोर्ट साइजको फोटो :- २

नोटः आवेदन फर्म संस्थामा उपलब्ध हुनेछ ।

**श्री दोमुखा धार्मिक तथा पर्यटकीय विकास व्यवस्थापन संस्था**
शिवसताक्षी नगरपालिका- १०, झापा (फोन नं. ०२३-४१००३३/४१०२३३)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

SLCर SEE उत्तीर्ण विद्यार्थीहरुलाई सुवर्ण अवसर
**कञ्चनजङ्घा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि**

डिप्लोमा प्रमाण पत्र तहका ३ वर्षे कार्यक्रमहरु :-
- नर्सिङ्ग
- ल्याब टेक्निसीयन
- रेडियोग्राफी

**फारम पाइने स्थान**:- कञ्चनजङ्घा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि हेवन वाटर पार्क, बिर्तामोड,झापा
**फारम वितरण मिति** : २०७६ असार २२ देखि २०७६ साउन १२ गतेसम्म ।

**प्रवेश परीक्षा हुने मिति** : २०७६ श्रावण २२ गते
**आवश्यक शैक्षिक योग्यता** : S.L.Cर S.E.E उत्तीर्ण (ग्रेडिङ प्रणालीको हकमा न्यूनतम् GPA 2 प्राप्त गरेको हुनुपर्छ । )

सम्पर्क : **कञ्चनजङ्घा अफ हेल्थ साइन्सेस प्रालि**
हेवन वाटर पार्क - बिर्तामोड -२, झापा
९८४९०४८३६५, ९८१५९७८४१७
९८१७०९०३६७ , ९८६२७४७९७८

**पायल्स तथा फिस्टुलाको उपचार छारसुत्रबाट**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **साउन १०, ११, १२ र १३** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**बाथरोगका बिरामीहरूलाई खुशीको खबर**

**डा. अन्जल बिष्ट**
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013

यही साउन १० गते र ११ गते शनिबार वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।

**डा. सुधिर गिरी**
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ
NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।

सम्पर्कः **प्रान्जल फार्मेसी,**
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

**ANM / CMA / Lab Assistant सहित Diploma कार्यक्रममा भर्ना खुल्यो !**

CTEVT बाट सम्बन्धन प्राप्त यस सुनसरी टेक्निकल कलेजमा शैक्षिक शत्र २०७६/०७७ को लागी निम्न कार्यक्रममा भर्ना खुल्यो !

**TSLC तर्फ (18 Months)**
- ANM
- CMA
- Lab Assistant

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १५ गते सम्म
प्रवेश परिक्षा : २०७६ श्रावण २५ गते शनिवार २:०० बजे

**Diploma तर्फ (3 Years)**
- Diploma in Pharmacy
- PCL in laboratory Technology (CMLT)
- Diploma in Civil Engineering
- Diploma in Computer Engineering
- Health Assistant (H.A.)
- Diploma in Radiography (X-RAY Technician)

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म
प्रवेश परिक्षा : २०७६ श्रावण २२ गते बुधवार विहान ७:०० बजे

विस्तृत जानकारीकालागि :
**सुनसरी टेक्निकल कलेज**
लक्ष्मी सडक, धरान-१
मोबाईल : ९८५२०२०६१५,९८४१४२९७१३,९८०४३३६६८९

# छुटेको २ लाख फिर्ता

**झापा, साउन ९।** बसमा छुटेको नगद २ लाख रुपैयाँ सम्बन्धित धनी पोखरा महानगरपालिका -३३ बस्ने शान्ति पाध्यालाई फिर्ता गरिएको छ।

बाग्लुङ बसपार्कबाट बागमारातर्फ गइरहेको ना.६ ख ८४१२ नम्बरको यात्रुबाहक बसमा उक्त नगद सहितको झोला छुटेको भन्ने जानकारी प्राप्त हुनासाथ तत्काल खटिएको प्रहरीले उक्त बस रोकेर चेकजाँच गर्दा फेला पारी सम्बन्धित धनीलाई जिम्मा लगाएको बताइएको छ।

# चार थान बन्दुक फेला

**ताप्लेजुङ, साउन ९।** फुग्लिङ नगरपालिका-११ फवाखोलास्थित जंगलको ओडारमा मंगलबार दिउँसो बेबारिसे अवस्थामा ४ नाल भरुवा बन्दुक प्रहरीले बरामद गरेको छ।

बिमानस्थल सुरक्षा गार्ड सुकेटारबाट खटिएको टोलीले गस्ती गर्दै जाने क्रममा ती बन्दुकहरू फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# ओडारमा भेटियो लुकाएको १६ किलो सुन

**झापा, साउन ९।** गोरखामा ओडारमा लुकाएर राखेको १६ किलो सुन प्रहरीले बरामद गरेको छ।

धार्चे गाउँपालिका वडा नम्बर-३, खोर्लाबेसीमा ओडारमा लुकाएर राखेको सुनका १६ वटा बिस्कुट बरामद भएको प्रहरीले जनाएको हो।

मनासलु पदमार्ग नजिकै ओडारभित्र लुकाइराखेको सुन बिहीबार बिहान भेटिएको हो। पहराको ओडारभित्र बोरामा ढुंगाले चेपेर राखिएको अवस्थामा सुन बरामद गरिएको उनले बताए। गएको असार ११ गते रातिदेखि हराइरहेका धार्चे गाउँपालिका केरौंजाका धनकमल गुरुङले ओडारमा सुन लुकाएको प्रहरी स्रोतले जनाएको छ। गोरखाको धार्चे गाउँपालिका-१, यारुबगरमा व्यापार गरी बस्ने गुरुङ असार ११ गते रातिदेखि सम्पर्कविहीन भएका थिए।

उनलाई अपहरण गरेको आशंकामा प्रहरीले अनुसन्धान गरिरहेको थियो।

उता कमल गाउँपालिका - ५ मा जाशीको पैनीले बगाएर मृत्यु भएको हो। घरबाट गोठ जाने क्रममा चिप्लिएर पैनीमा खसेका जोशीलाई पैनीले बगाएको प्रहरीले जनाएको छ। उनको शव पाँच किलोमिटर टाढा फेला परेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए।

## सधैं...

मलको प्रयोग गरेर रोपाइँ गरेका छन् भने कतिपयले मल विना नै रोपाइँ गरेका छन्। कृषि वालीका लागि आवश्यक पर्ने पोषक तत्व माटोमा नपुगेको खण्डमा मलबाट परिपूर्ति गरिन्छ।

प्राङ्गारिक तथा जैविक मलले मात्र कृषि उत्पादन बढ्न नसकेको भन्दै सरकारले झण्डै दुई दशक अघिदेखि कृषकलाई रसायनिक मलमा अनुदान दिँदै आएको थियो। तर, रसायनिक मलको सदुपयोग हुन नसकेपछि माटोको उर्वराशक्ति ह्रास हुँदै जान थाल्यो। सरकारले नै २०६८ सालमा प्राङ्गारिक तथा जैविक मल कार्यविधि तयार गर्‍यो। सोही कार्यविधि अनुसार अहिले किसानलाई रसायनिक मलसहित सरकारले नै प्राङ्गारिक तथा जैविक मल पनि प्रदान गर्दै आएको छ।

स्थानीय सरकारले प्राङ्गारिक तथा जैविक मल अनुदानमा सहयोग गरे पनि संघीय सरकारले भने यस्तो मलमा अनुदान दिएको छैन। पछिल्लो समय सरकारले नै गैर अनुदानमा एसएसपी, जिङ्क, वोरन, एमोनियम सल्फेट, पोटास विक्री गर्दै आएको छ। साल्ट ट्रेडिङ लिमिटेडले अनुदान र गैर अनुदानमा आयोडिनयुक्त नुनसहित मल पनि विक्री वितरण गर्दै आएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडले मात्रै मल विक्री गर्दै आए पनि पछिल्ला वर्षमा साल्ट ट्रेडिङले समेत मल विक्री गर्न शुरु गरेपछि किसानलाई सहज भएको थियो। तर सरकारले किसानलाई आवश्यक पर्ने मल उपलब्ध नगराएकै कारण हरेक वर्ष झापामा मलको अभाव हुँदै आएको साल्ट ट्रेडिङ शाखा कार्यालय विर्तामोडका प्रमुख देवराज भट्टराईले बताए। उनले भने- हामीले पनि झण्डै कृषि सामग्री कम्पनी लिमिटेडको हाराहारीमा मल विक्री गर्दै आएका छौं। तर, हामीलाई ३० प्रतिशत मात्रै अनुदानको मल विक्रीका लागि प्रदान गरिएको छ।

यता ७० प्रतिशतसम्म अनुदानको मल विक्री गर्दै आएको कृषि सामग्री कम्पनी लिमिटेडले समेत पूर्वका किसानलाई पर्याप्त मात्रामा मल उपलब्ध गराउन सकेको छैन। लिमिटेडका क्षेत्रीय प्रवन्धक कमल पोखरेलका अनुसार यो वर्ष गत असारको पहिलो साताबाटै रसायनिक मल डीएपीको अभाव छ। त्यसमाथि अहिले ढुवानीको समस्याका कारण किसानले मल नै पाएका छैनन्। मकै छर्ने समयमा पनि किसानले पर्याप्त मात्रामा युरिया मल पाएनन् -उनले भने -'धान रोप्ने समयमा पनि डीएपी मलको अभाव सृजना भयो।'

माटो परीक्षणको आधारमा आवश्यक पोषक तत्वको हिसावले रसायनिक मल सन्तुलित रुपमा प्रयोग गर्ने किसानलाई प्रोत्साहन गर्ने सरकारको लक्ष्य भए पनि किसानलाई पर्याप्त मात्रामा मल पुर्‍याउन नसकेको सरकारले माटो परीक्षणतर्फ ध्यान नै दिन सकेको छैन।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय बिर्तामोडको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७४/०७५ मा कृषि चुनको खरिद विक्री नै भएन। तर, आर्थिक वर्ष २०७५/७६ मा थोरै मात्रामा भएपनि कृषि चुनको विक्री वितरण भएको छ।

माटो परीक्षण गरी माटोको उर्वरा शक्तिमा ह्रास आएमा माटोलाई चाहिने आवश्य तत्वका लागि कृषि चुनसँगै वालीका लागि आवश्यक पौष्टिक तत्वका लागि मल प्रदान गर्ने गरिएको छ। तर, आर्थिक वर्ष २०७४/०७५ मा कृषि चुनको प्रयोग नै नहुनु माटो परीक्षण गरी कृषि चुनको उपयोगिताका विषयमा किसानलाई जानकारी नगराउनु सरह हो।

कार्यालयको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७५/०७६ मा तीन लाख १० हजार ८ सय रुपैयाँ बराबरको मात्रै कृषि चुन विक्री भएको छ। प्रतिवोरा सात हजार चारसयका दरले कृषि चुन विक्री भएको कार्यालयले जनाएको छ।

नेपाल सरकारले अवलम्वन गरेको उदार खुला तथा वजारमुखी अर्थ नीति अनुसार २०५४ कात्तिकदेखि रसायनिक मलको कारेवार (खरिद तथा वितरण समेत) मा निजी क्षेत्रलाई संलग्न गराएको छ। सोही अनुसार नेपाल अधिराज्य भरि गुणस्तरीय मलको आपूर्ति (उत्पादन, पैठारी, तथा विक्री वितरण) व्यवस्थाको प्रत्याभूत गरी कृषि उत्पादनलाई टेवा दिन सरकारले मल नीति नै तर्जुमा गरेको थियो। कृषकहरुको मलप्रति बढ्दै गएको अभिरुची तथा मागलाई ध्यानमा राखी देशमा मलको उपलब्धता सहज गर्न निजी क्षेत्रसँग संलग्नता अपरिहार्य ठानेर सरकारी, सहकारी, निजी क्षेत्र सवैलाई मलको कारोवारमा समान अवसर तथा सहुलियत उपलब्ध गराउनु पर्ने सरकारको धारणा छ। बोट विरुवालाई पोषक तत्व उपलब्ध गराउन माटो वा बोट विरुवामा प्रयोग गरिने कुनैपनि ठोस वा तरल रसायनिक पदार्थलाई मलको रुपमा परिभाषित गर्दै नीति तयार गरिएको थियो। सोही नीति अनुसार अहिले नेपाल भर रसायनिक मलको कारोवार र उपयोग हुँदै गएको छ।

### ३४ करोडको मल प्रयोग

आर्थिक वर्ष ०७५/०७६ मा झापासहित पूर्वका किसानले ३४ करोड भन्दा बढीको रसायनिक मल प्रयोग गरेका छन्। किसानले युरिया, डिएपी, पोटाससहितका रसायनिक मल एक आर्थिक वर्षमा ३४ करोड ७५ लाख, ८४ हजार ५६ रुपैयाँको प्रयोग गरेका छन्।

झापाली किसानले झण्डै ३५ करोडको मलको प्रयोग गरेपनि अझै झापासहित पूर्वमा मलको अभाव कायमै छ। अघिल्लो आर्थिक वर्ष सोही अवधिमा ४३ करोड ४० लाख ३७ हजार ९ सय ५३ रुपैयाँको रसायनिक मलको प्रयोग भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष ०७५/०७६ मा झण्डै दश करोड रुपैयाँको कम मल खपत भएको छ।

कृषि सामग्री कम्पनी लिमिटेड बिर्तामोड र साल्ट ट्रेडिङ लिमिटेडको तथ्यांक अनुसार सबैभन्दा बढी डिएपी मलको खपत भएको छ। कृषि सामग्री कम्पनी लिमिटेडले आर्थिक वर्ष ०७५/०७६ मा २१ करोड, ८५ लाख, ९१ हजार ६ सय ५० रुपैयाँ र साल्ट ट्रेडिङ लिमिटेडले १३ करोड १६ लाख ४२ हजार ४ सय ६ रुपैयाँको मल विक्री गरेको छ।

कार्यालयले झापासहित पाँचथर र इलामका किसानलाई समेत मल उपलब्ध गराउँदै आएको छ। कार्यालयको अघिल्लो आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने सोही अवधिमा कृषि सामग्री लिमिटेडले २४ करोड ८३ लाख, ७४ हजार २ सय ९२ र साल्ट ट्रेडिङले १८ करोड ५६ लाख, ६३ हजार ६ सय ६१ रुपैयाँको मल बिक्री गरेको कार्यालय प्रमुख भट्टराईले बताए।

भट्टराईका अनुसार युरिया, डिएपी, पोटास बाहेक कार्यालयले एसएसपी साधा, एसएसपी जी, एमोनियम र बोरन मलको समेत विक्री गर्दै आएको छ। रसायनिक मलको अभाव हुँदा कार्यालयले प्राङ्गारिक मलको विक्री गरेको कार्यालय प्रमुख भट्टराईले बताए।

## वार्ता...

कारबाही अभियान चलाए पनि प्रहरी विरुद्ध भने हरियार नउठाएको उसले स्पष्ट पारेको छ।

यसैबीच प्रहरीले प्रदेश-१ का भोजपुर, खोटाङ, सोलुखुम्बू लगायतका जिल्लामा विप्लव माओवादीको गतिविधि बढी रहेको जनाएको छ। सरकारले विप्लवप्रति आस्था राख्नेहरुलाई पनि धमाधम पक्राउ गर्दै झुठा मुद्दा लगाएर सिध्याउने खेल खेले पनि त्यो सपना पूरा नहुने विप्लव माओवादीले जनाएको छ। प्रधानमन्त्रीको गृह जिल्लामा विप्लव माओवादी प्रतिको जनआस्था बढ्दै गएको र यसले वर्तमान सत्ताधारी दललाई ठूलो धक्का लागेको जनाइएको छ। आफूहरुले सरकारको रणनीति हेरेर जनतालाई जागरुक गर्ने काम गरिरहेको भन्दै यस्तै अवस्था रहे जनता छिट्टै सडकमा उत्रिने ती नेताले चेतावनी दिए।

## डुबेर..

नायव उपरीक्षक महेन्द्र श्रेष्ठका अनुसार वुढाथोकी विहानै हिँडेको र घर नफर्किएपछि खोजी गर्ने क्रममा घर नजिकैको खेतमा जमेको पानीमा मृत अवस्थामा भेटिएका थिए।


# भर्ना खुलेको सूचना

सुन्दर, शान्त र हरियाली वातावरणमा रहेको इलामको **शान्ति निकेतन नमूना माध्यमिक बिद्यालय** रोङ गाउँपालिका -३ कुटिडाँडामा कक्षा ११ मा नयाँ भर्ना धमाधम भइरहेको छ। आगामी साउन मसान्तसम्म बिद्यालयमा सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्न जानकारी गराइन्छ। साथै कक्षा १२ को पठनपाठन यही साउन १९ गतेबाट हुने पनि जानकारी गराउँदछौं।

**हाम्रा बिशेषताहरू**

१) नेपाल सरकारले नमूना बिद्यालय छनौट गरेको।
२) विगतका बर्षहरुमा एसईईमा जिल्ला प्रथम तथा कक्षा ११ र १२ मा उत्कृष्ट। नतिजा निकाल्न सफल।
३) यातायातको आफ्नै भरपर्दो ब्यवस्था भएको।
४) पर्याप्त प्रयोगशाला तथा तथा पुस्तकालयको ब्यवस्था।
५) आधुनिक शैक्षणिक प्रबिधिका साथमा पठनपाठन।
६)गत बर्षको राष्ट्रपति रनिङ शिल्डको राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त
७) बिशेष छात्रबृत्तिको ब्यवस्था।
८) प्रत्येक कक्षामा ३० जनासम्म मात्रै बिद्यार्थी पठनपाठन गराइने।

**शान्ति निकेतन नमूना माध्यमिक बिद्यालय**
रोङ गाउँपालिका -३ कुटिडाँडा इलाम
सम्पर्क नम्बर -९८५२६८१८०७ /९८४९६३७६२१

# नेवा : बन्धुहरूमा जानकारी

**नेवाःपासा मुना पुचः बिर्तामोडको विशेष आयोजनामा हुन गइरहेको पाँचौं सामुहिक क्वाँटी पुन्ही तथा लाखे जात्रा (ने.सं. ११३९) कार्यक्रम (गुंलागा द्वितीया) मा विगत वर्ष जस्तै यस वर्ष पनि बिर्तामोड नगर भित्रका २०७५ को एस.ई.ई. मा उत्कृष्ट अंक ल्याउन सफल निजी विद्यालयबाट २ जना (एक छात्र, एक छात्रा) र सामुदायिकबाट २ जना (एक छात्रा, एक छात्र) गरी ४ जना छात्रछात्रालाई सम्मान गर्ने कार्यक्रम भएकोले आफ्ना छोराछोरीको मार्कसिटको फोटोकपीसहित २०७६।०४।२५ गतेभित्र निम्न लिखित व्यक्तिहरुलाई बुझाई दिनु हुन र उक्त कार्यक्रमा सहभागी हुन सम्पूर्ण नेवाः बन्धुहरुमा हार्दिक आह्वान गर्दछौं।**

*कार्यक्रम : मिति २०७६।०४।३२ गते शनिवार -समय : ११:४५ बजे*
*स्थान : आदर्श ब्याङ्केट पुरानो भद्रपुररोड (यामाहा शोरुम पछाडि)*

**सम्पर्क : दिनेश श्रेष्ठ -९८४२६२५०८३ / राजीव श्रेष्ठ -९८५२६७०१४४ / गम्भीररत्न शाक्य -९८५२६७८६८८ / रेगन शाक्य -९८६२६७९१६२ र आकाश श्रेष्ठ : ९८५१०१०००३**

**कमल श्रेष्ठ** : संयोजक
एस.ई.ई सम्मान कार्यक्रम
९८५२६८९०५५/९८०२७८९०५५

आयोजक
**नेवाःपासा मुन पुचः**
बिर्तामोड, झापा

# फ्ल्याट भाडामा छ

बिर्तामोडको भद्रपुर रोडस्थित NIC Asia बैंक अगाडि हिरो शो-रुम भएको घरको दोस्रो तल्लामा रहेको अफिस प्रयोजनका लागि उपयुक्त फ्ल्याट भाडामा छ।

**सम्पर्क : ०२३-५४३२४८ /९८०४९९९६९५**

# हार्दिक बधाई तथा शुभकामना



निजी वन सञ्जाल झापा जिल्ला उपाध्यक्ष हाम्रा आदरणीय मित्र **शान्तिराम प्रसाई** र **कुशुम सिटौला प्रसाई**लाई सामुदायिक वन राष्ट्रिय दिवस २०७६ को अवसरमा नेपाल सरकार वन मन्त्रालयको वन विभागले यस वर्षको **उत्कृष्ट निजी वन धनी** घोषित गरी निजी वनतर्फको नगदसहिदको **राष्ट्रिय पुरस्कार**द्वारा सम्मान गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

साथै आगामी दिनहरूमा पनि उहाँहरूको प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**कमलप्रसाद उप्रेती**
**चन्द्रप्रसाद उप्रेती / राजु उप्रेती**
बुद्धशान्ति-३, बुधबारे (झापा)

# वितरक आवश्यकता

लक्ष्मीपुरदेखि चारपाने हुँदै शनिश्चरे-मदनपुर-सिस्ने-खुदुनावारी-जुकेखाडी वनसम्म पत्रिका वितरण गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला।

तलब: ११,०००।- खर्च कटाएर १० देखि १२ हजार बचाउने।
नोट: आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।
मो. ९८०१४०४०००, ९८१६६४१५७३

रिते हात लिएर जन्मन जन्मे रित्तै हातले,
जानै पर्छ यहाँ कुनै दिन पछि के हुन्छ सन्तापले ?

# हार्दिक समवेदना / भावपूर्ण श्रद्धाञ्जलि



**जन्म :** २०१८। माघ १८ दिङ्ला, भोजपुर

**निधन :** २०७६ असार २४ उलनबटोर, मंगोलिया

**स्व. सीताराम ढकाल**

यस एमिटी एजुकेशन फाउण्डेशन प्रालि बिर्तामोड -५ झापाका संस्थापक एवम् वर्तमान व्यवस्थापन समिति अध्यक्ष साथै आदर्श शिशु इङ्लिस स्कूलका संस्थापक प्रिन्सिपल **सीताराम शर्मा ढकाल**को विदेश भ्रमणका सिलसिलामा मंगोलियाको उलन बटोरमा हृदयघातबाट मिति २०७६ असार २४ गते अकल्पनीय दुःखद निधन भएको र मिति २०७६ श्रावण ८ गते दाहसंस्कार गरी काजकिरिया शुरु भएकाले शोक सन्तप्त ढकाल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने ऊर्जा प्रदान गरुन् साथै बैकुण्ठधाम गमन अमर आत्माले चिरशान्ति प्राप्त गरोस् भन्ने कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

**सम्पूर्ण शिक्षक तथा कर्मचारी वर्ग**
एवम्
**एमिटी एजुकेशन फाउण्डेशन प्रालि परिवार**
बिर्तामोड -५, झापा

रिते हात लिएर जन्मन जन्मे रित्तै हातले,
जानै पर्छ यहाँ कुनै दिन पछि के हुन्छ सन्तापले ?

# हार्दिक समवेदना / भावपूर्ण श्रद्धाञ्जलि



**जन्म :** २०१८। माघ १८ दिङ्ला, भोजपुर

**निधन :** २०७६ असार २४ उलनबटोर, मंगोलिया

**स्व. सीताराम ढकाल**

यस श्री अरुणोदय बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड -५ का सञ्चालक समिति सदस्य **सीताराम शर्मा ढकाल**को विदेश भ्रमणका सिलसिलामा मंगोलियाको उलन बाटोरमा हृदयघातका कारण मिति २०७६ असार २४ गते अकल्पनीय दुःखद निधन भएको र मिति २०७६ श्रावण ८ गते दाहसंस्कार गरी काजकिरिया शुरु भएकाले यस शोकको घडीमा रहनु हुने शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने ऊर्जा ईश्वरले प्रदान गरुन् साथै बैकुण्ठधाम गमन अमर आत्माले चिरशान्ति प्राप्त गरोस् भनी हार्दिक समवेदनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं

**श्री अरुणोदय साकोस**
एमिटीरोड, बिर्तामोड -५, झापा

# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**श्री अरुणोदय आधारभूत विद्यालय**
अर्जुनधारा-७, झापा

# शिक्षक आवश्यकता

प्रस्तुत विषयमा शिक्षा यूवा तथा खेलकुद शाखा अर्जुनधारा नगरपालिका, झापाको मिति २०७६/०४/०७ तथा च.नं. ४९/०७६/०७७ को प्राप्त पत्र अनुसार यस श्री अरुणोदय आधारभूत विद्यालय, अर्जुनधारा -७, झापालाई शिक्षण सहयोगी अनुदान अन्तर्गत नि.मा.वि. तहमा अंग्रेजी शिक्षक पदपूर्तिका लागि शिक्षा सेवा आयोगबाट झापाको करार सूचीका उम्मेदवारलाई मिति २०७६/०४/०९ गतेदेखि ७ दिनका लागि विज्ञापन आह्वान गरिएको छ। सो करार सूचीका लागि तोकिएको उम्मेदवारी पर्न नआएमा करार सूचीको समय समाप्त भएको भोलिपल्ट मिति २०७६/०४/१६ गतेदेखि लागू हुने गरी उक्त पदपूर्तिका लागि आधारभूत तह (नि.मा.) मा अंग्रेजी विषय पठनपाठन गर्न सक्ने शिक्षक पदपूर्तिका लागि यो विज्ञापन आह्वान गरिन्छ।

१. **विज्ञापन नं.:** ०१/०७६/०७७
२. **पद :** शिक्षक, ३. **तह :** नि.मा., ४. **संख्या :** १, ५. **नियुक्ति किसिम :** करार
६. **न्युनतम् शैक्षिक योग्यता:** मूल विषय अंग्रेजी लिई प्रमाणपत्र वा सो सरह उत्तीर्ण (माथिल्लो तहलाई प्राथमिकता)
७. **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
८. **तलब स्केल :** प्रति महिना रु. २३५००/- (तेइस हजार पाँच सय) (दशै खर्च उपलब्ध हुने छैन्)
९. **दरखास्त दिने अन्तिम मिति :** करार सूचीमा रहेकाका लागि २०७६/०४/१५ र खुल्लातर्फ २०७६/०४/२३ गते कार्यालय समयसम्म।
१०. **आवश्यक कागजातहरु :**
(क) नेपाली नागरिकताको प्रतिलिपि, (ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
(ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि (घ) निरोगिताको प्रमाण पत्र
११. **आवेदन दस्तुर :** रु. १०००/- (एकहजार मात्र)
१२. **सम्पर्क मिति :** करार सूचीका लागि: २०७६/०४/१५ गते ४ बजेसम्म
खुल्लातर्फका लागि: २०७६/०४/२३ गते ४ बजेसम्म
१३. शिक्षा सेवा आयोगबाट प्रकाशित करार सूचीका उम्मेद्वारहरुको आवेदन परेमा ती मध्ये योग्यताक्रम, उत्कृष्टताका आधारमा नियुक्ति गरिनेछ। अन्य उम्मेदवारको हकमा परीक्षा लिई उत्कृष्ट हुनेलाई नियुक्त गरिनेछ।
१४. **परीक्षा हुने मिति :** सम्पर्क मितिका दिन तोकिनेछ।
१५. **परीक्षा किसिम :** लिखित, प्रयोगात्मक र अन्तरवार्ता
१६. **परीक्षार्थीको अयोग्यता:** शिक्षक सेवा आयोग नियमावली संशोधनसहितको नियम १० अनुसार
१७. **विस्तृत जानकारीका लागि सम्पर्क नं. :** ९८४२७१०६३४/९८४२६५६१५६

सदस्य सचिव : शिक्षक छनोट समिति

**श्री मोहनमाया माध्यमिक विद्यालय**
बिर्तामोड-२ चारपाने, झापा, १ नं. प्रदेश नेपाल

# नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को टेक्स विद्यालय यस श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ चारपाने, झापामा DIPLOMA IN CIVIL ENGINEERING (३ बर्षे) शैक्षिक कार्यक्रमका लागि आवेदन फारम खुल्ला गरिएको सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवेदन फारम पाइने स्थान :** श्री मोहनमाया मा. वि. बिर्तामोड-२ चारपाने, झापा
**आवेदन फारम बुझाउने अन्तिम मिति :** २०७६ श्रावण १२ गतेसम्म
**प्रवेश परीक्षा हुने मिति :** २०७६ श्रावण २२ गते बुधबार बिहान ७ :०० बजेदेखि
**प्रवेश परीक्षा किसिम :** लिखित वस्तुगत (विज्ञान, गणित, अंग्रेजी)
**प्रवेश परीक्षा केन्द्र :** CTEVT बाट पछि प्रकाशन गरिने छ।
**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**
SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धांक पत्र, प्रवेशिका परीक्षाको चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकता वा जन्मदर्ताको १/१ प्रति प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको 35mm×45mm MRP साइजको २ प्रति रंगिन फोटो।
**अन्य थप जानकारीका लागि :**
**श्री मोहनमाया माध्यमिक विद्यालय** बिर्तामोड-२ चारपाने, झापा
(023-543652 (कार्यालय), 9842704734 , 9803470160, 9842714355 (प्रअ))

**साथै यस विद्यालयमा कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा भर्ना हुन इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन जानकारी गराइन्छ।**

शेरबहादुर श्रेष्ठ : प्रधानाध्यापक

रिते हात लिएर जन्मन जन्मे रित्तै हातले,
जानै पर्छ यहाँ कुनै दिन पछि के हुन्छ सन्तापले।

# हार्दिक श्रद्धाञ्जलि/आभार/निमन्त्रणा



**जन्म :** २०३९ साल माघ १० गते

**निधन :** २०७६ साल असार १५ गते

**स्व. बासुदेव दत्त**

हाम्रा नाति/छोरा/दाजु/बढीबुबा **बासुदेव दत्त**को ३६ वर्षको अल्पायुमै संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा स्वर्गारोहण भएकोमा स्वर्गवासी आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। गहिरो शोकमा रहेको यो क्षणमा हामीप्रति सहानुभूति, समभाव र समवेदना व्यक्त गर्नु हुने समस्त शैक्षिक, धार्मिक, सामाजिक संघसंस्था, राजनीतिक दल, बन्धुबान्धव, इष्टमित्र, छरछिमेक, साथीभाइ, नातागोता सबैमा दत्त परिवारका तर्फबाट हार्दिक कृतज्ञतासहित आभार प्रकट गर्दछौं। साथै आज साउन १० गते शुक्रवार सम्पन्न हुने शुद्धिशान्ति कार्यमा उपस्थित भइदिनुहुन सबैमा अनुरोधसहित निमन्त्रणा गर्दछौं।

हजुरबुबा : **कामेश्वर दत्त** [redacted]**म्भीर दत्त**
हजुरआमा : **बालकिशोरी** [redacted]ारी : **संगीता दत्त**
बुबा : **नबलकिशोर दत्त** [redacted] **दिग्विजय दत्त**
आमा : **इन्दिरा दत्त**

**लगायत [redacted]रिवार**
कनकाई नगरपा[redacted] झापा, नेपाल


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिव[redacted] एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८[redacted]धिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052[redacted]wanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### परनिर्भरता नबढोस्

'हरियो वन नेपालको धन' नेपालको अर्थशास्त्रमा मात्र होइन सम्पूर्ण व्यवहारमा यो उखान चरितार्थ थियो । हुन पनि कूल क्षेत्रफलको झण्डै पैतालीस प्रतिशत अर्थात् छैसठ्ठी लाख दश हजार हेक्टरमा वन फैलिएको थियो । जैविक विविधता र पूर्णताले समृद्ध मानिने देश अहिले वन क्षेत्रको अतिक्रमणका कारण अनेक प्राकृतिक विपदाहरुको समेत सामना गर्दैछ । जैविक प्रचुरताको आधारमा नेपाल विश्वमा पच्चीसौं राष्ट्रको श्रेणीमा रहेको छ भनिन्छ तर क्रमशः यो विशेषता खस्किने क्रममा रहेको छ ।

देशका करिब छ हजार नदीनाला र छ सयभन्दा बढी साना–ठूला तालहरु रहेको नेपालमा दशवटा त विश्वसूचीमा सूचीकृत भएका सीमसार क्षेत्र नै छन् । यसरी हेर्दा नेपाल वन–जंगल, खोला–नाला, हिमाल–पहाड, ताल–तलैया, जीवजन्तु, चराचुरुंगी लगायत वातावरणका सम्पूर्ण आधारहरुले पूर्ण छ । यति हुँदाहुँदै पनि, प्राकृतिक तथा जैविक, प्रचुरताले समृद्ध रहँदा–रहँदै पनि त्यसको यथोचित उपयोग गर्ने क्षमता, विवेक र व्यवहार नहुँदा हामी परनिर्भरताको साङ्लोमा जेलिँदैछौं ।

त्यही अवस्था उत्पन्न भएको छ अहिले । हरियो वनको विशेषता जोडिएको हाम्रो देशमा यतिबेला प्रति वर्ष साढे छ अर्बको काठ आयात गरिँदैछ । काठ र काठजन्य सामग्री अर्थात् गोलिया, चिरान, प्लाई, झ्यालढोकाका काठ, टेबल र काठबाट निर्मित सजावटका वस्तु आयात गर्दा अर्बौं रुपैयाँ विदेशिनुले हाम्रो विशेषता मात्र होइन देशकै परिचय गुम्ने अवस्थामा पुगेको छ । गत आर्थिक वर्षमा भारत, इन्डोनेसिया, चीन, म्यान्मार, मलेसिया, सिंगापुर, जर्मनी, युक्रेन, संयुक्त राज्य अमेरिका, युएई लगायतका देशहरुबाट काठ र काठजन्य सामग्री आयात गरियो । आगामी वर्ष यो अङ्क र परिमाण अझ बढ्ने निश्चित छ । हाम्रो प्रवृत्ति, चरित्र र व्यवहारमा परिवर्तन नआउने हो भने न हाम्रो वन क्षेत्र सुरक्षित हुन्छ न त काठमा आत्मनिर्भर हुन सक्छौं ।

वनजंगलले हाम्रो कृषिमुखी पेशा र व्यवहारलाई सहयोग गर्ने मात्र होइन वातावरण सन्तुलित राख्ने, अनेक प्राणीको वासस्थानको सुनिश्चित गर्ने, हावापानीमा शुद्धता दिने काम गर्छ । त्यसैले पनि वनजंगलको मानव जीवनसँग प्राण र शरीरको सम्बन्ध छ । यस्तोमा वनको संरक्षण गर्नु राज्य सरकार, सम्बद्ध मन्त्रालय वा विभाग मात्र होइन हामी सबैले आ–आफ्नो ठाउँबाट सृजनात्मक योगदान दिनु पर्दछ । सरकारले वन संरक्षणकै नाममा सामुदायिक, सरकारी, संरक्षित, धार्मिक, निजी, साझेदारी, कबुलियती वन क्षेत्र घोषणा गरेको छ । वनको सुरक्षा नगरी अरु प्राणीसँगै मानव जातिको समेत जीवनको सुनिश्चितता नहुने सत्यलाई आत्मसात गरी वनजंगलको उचित उपयोग माध्यमबाट आयातमुखी प्रवृत्तिलाई निरुत्साह गर्नुपर्छ । अन्यथा हाम्रो परनिर्भरताले हाम्रो जातीय तथा राष्ट्रिय परिचय गुम्ने मात्र होइन हामी कसैका करिया बन्न पुग्नेछौं । यसतर्फ सबैको सचेत अग्रसरता देखियोस् ।

# विद्यालय शिक्षामा निरीक्षक र स्रोतव्यक्तिको भूमिका

**धिरेन्द्रप्रसाद शर्मा**

औपचारिक रुपमा नेपालमा १९१० मा अंग्रेजी पाठशाला स्थापना भएपश्चात विद्यालयको निरीक्षण गर्नका लागि तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले रोसलाई नियुक्ति गरेसँगै शैक्षिक सुपरिवेक्षणको इतिहास श्रीगणेश भयो । १९९८ मा चिफ इन्स्पेक्टर अफ स्कूलको स्थापना भएपछि २००४ मा जनकपुर र पाल्पामा डेपुटी इन्सपेक्टर अफ स्कूल तथा २०१० मा धनकुटा, जनकपुर, काठमाडौं, कपिलवस्तु, नेपालगञ्ज र डोटी गरी सात क्षेत्रमा डिभिजन इन्स्पेक्टर अफ स्कूल अफिसको स्थापनासँगै विद्यालय निरीक्षणले गति लियो । राशिपयो २०२८ ले प्रत्येक जिल्ला शिक्षा कार्यालयमा विद्यालयको अनुपातमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय निरीक्षक रहने व्यवस्था गर्‍यो । २०३० सालमा प्राथमिक र माध्यमिक निरीक्षक मात्र रहने व्यवस्था गरियो ।

तत्पश्चात परीक्षणको रुपमा निरीक्षण एकाइ परियोजना लागू गरियो । २०५६/०५७ मा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भई सकेपछि विद्यालय निरीक्षक पद सिर्जना गरेर देशभर चार सय १७ जना विद्यालय निरीक्षकको दरबन्दी कायम गरियो । जिल्लाको वर्गीकरण अनुसार निरीक्षकको संख्या एकिन गरियो । शिक्षा नियमावली, २०५९ को छैटौं संशोधनको दफा १७ ले निरीक्षकका काम, कर्तव्य र अधिकारहरु १७ बुँदामा निर्धारण गर्‍यो । संघीय संरचना अनुसार सबै नगरपालिकाहरुमा उपसचिवहरुको नेतृत्वमा र गाउँपालिकाहरुमा शाखा अधिकृतको नेतृत्वमा दरबन्दी समावेश गरिए अनुसार समायोजन र कथित प्राविधिकको नाममा शिक्षा सेवाका कर्मचारीहरुलाई काम विहिन र अन्यायपूर्ण ढंगले स्थानीय र प्रदेश तहमा पठाइयो ।

२०३६/०३७ देखि ग्रामीण विकासका निम्ति सेती शिक्षा परियोजनाले सेती अञ्चलका पाँचवटा जिल्लामा विद्यालयहरुको एउटा समूह बनाई निरीक्षण गर्ने र समूहभित्रको स्रोत-साधनयुक्त माध्यमिक विद्यालयलाई श्रोतकेन्द्र बनाइ निरीक्षण गर्ने व्यवस्था मिलाएर नेपालमा स्रोत केन्द्र र स्रोतव्यक्तिको अवधारणाको सूत्रपात भयो । विभिन्न परियोजना र कार्यक्रम सञ्चालनसँगै स्रोतकेन्द्र र स्रोतव्यक्तिको व्यवस्थापनको फरक-फरक मोडालिटीहरु प्रयोगमा ल्याइए । कतिपय समयमा स्रोतव्यक्तिको रुपमा काम गर्न नयाँ मान्छेहरु भर्ना गरियो ।

कतिपय ठाउँमा शिक्षा सेवाका अधिकृतहरुले स्रोतव्यक्तिको काम गरे भने कतिपयमा शिक्षकबाट काजमा ल्याएर स्रोतव्यक्तिको रुपमा काममा लगाइयो । शिक्षा ऐन २०२८ को कुनै पनि संशोधनमा स्रोतव्यक्तिको औचित्य अट्न सकेन । सेवा शर्त शिक्षकको तर काम गर्ने प्रणाली फरक भयो । २०६१ माघमा तत्कालीन राजाको अध्यक्षतामा गठन भएको सरकारले स्रोतव्यक्तिको व्यवस्था हटायो । २०६२/०६३ को आन्दोलन पश्चात स्रोतव्यक्तिलाई पुर्नबहाली गरियो । साविकको जिल्ला शिक्षा कार्यालयको निर्देशनमा स्रोतकेन्द्रहरुको व्यवस्थापन गरेर विद्यालयको तथ्यांक संकलनदेखि शिक्षक र कर्मचारीको क्षमता विकाससम्मका कार्यहरुमा स्रोतव्यक्तिहरुलाई काममा लगाइयो ।

**तितो सत्य**

स्रोतकेन्द्रको मुख्य काम शिक्षकलाई पेडागोजीकल सहयोग प्रदान गर्नु हो । नेपालमा भने यसको शुरुवात नै शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेभन्दा पनि तालिम सञ्चालन, तथ्यांक संकलन, बैठक सञ्चालन, अतिरिक्त क्रियाकलाप, शिक्षक नियुक्ति, सामाजिक परीक्षण, व्यवस्थापन समिति गठन, प्रतिवेदन पेश गर्ने र परीयोजनाका विभिन्न क्रियाकलाप सञ्चालन गर्नेतर्फबाट बढी निर्देशित भयो । स्रोतव्यक्तिको मुख्य भूमिका किटानै नगरी लामो समय काममा लगाइयो । तोकिएको भूमिकाभन्दा फरक काममा पनि लगाइयो । तत्कालीन शिक्षा विभागले सन् २०११ मा गरेको अध्ययनले ७५ प्रतिशत स्रोतकेन्द्रको भूमिका प्रभावकारी नभएको भनी उल्लेख गर्‍यो । सेरीडले सन् २००४ मा गरेको अध्ययनले सोतव्यक्तिलाई जिम्मेवारी र उत्तर दायित्वबिनाको आरामदायिक जागिरको संज्ञा दियो ।

विद्यालय निरीक्षक र स्रोतव्यक्तिका बीचको भूमिकामा दोहोरोपन देखियो । स्रोतव्यक्ति विद्यालय निरीक्षकले गर्ने प्रशासनिनक काममा आर्कषित भए । विद्यालय निरीक्षकलाई जिम्मेवारी र अधिकारविहीन बनाइयो । कतिपय आलोचकहरुले त निरीक्षकहरुलाई घरज्वाइँको संज्ञा पनि दिए । शिक्षा ऐनमा समेत लामो समयसम्म



निरीक्षकको अधिकार क्षेत्र साँघुरो, परम्परागत र अवैज्ञानिक भयो । कतिपय स्थानमा निरीक्षक र स्रोतव्यक्तिबीच द्वन्द्व समेत सिर्जना भयो । स्रोतव्यक्ति र निरीक्षकलाई पर्यायवाची पदको रुपमा बुझ्न थालियो ।

**सवालहरु**

सरकारले विद्यालय शिक्षाको अनुगमन तथा निरीक्षणका क्षेत्रमा ठूलो धनराशी खर्चिंदै आएको छ । शिक्षा व्यवस्थापन र त्यसको प्रभाव आम नागरिकको चासोको विषय हो । प्रशासनिक व्यवस्थापन र आर्थिक लगानीको व्यवस्था गर्दैमा सकारात्मक नतिजा प्राप्त हुन्छ भन्ने विद्यालय निरीक्षणको ऐतिहासिक अनुभवबाट देखिँदैन । कुनै पनि कुराको नतिजा सेवाग्राहीको सन्तुष्टि र काम गर्नेको पेसागत सन्तुष्टि र गर्वमा आधारित हुन्छ । सक्षम र नतिजामूलक विद्यालय सुपरीवेक्षण प्रणालीको अभाव छ । विद्यालय सुपरीवेक्षण र शिक्षकलाई प्रदान गरिने प्राज्ञिक (शैक्षिक) टेवालाई जोड्नुपर्ने विषयलाई गम्भीरतापूर्वक लिइएको छैन । विद्यार्थीले हासिल गरेको न्यून उपलब्धिको एउटा कारक तत्व विद्यालय सुपरीवेक्षण पद्धतिको अभाव बनिरहेको छ । विद्यालय सुपरिवेक्षण गर्ने कार्य हाल आएर विद्यालय अनुगमनमा परिणत भइरहेको छ ।

विद्यालयको तुलनामा निरीक्षकको दरबन्दी अत्यन्तै कम छ । विषयगत निरीक्षकको अभाव छ । बढुवाबाट निरीक्षक भएका जनशक्ति र खुलाबाट निरीक्षक भएका जनशक्तिबीच तात्विक अन्तर छैन । उनीहरुलाई सीपमूलक तालिमको व्यवस्था छैन । निरीक्षणलाई नतिजामूलक बनाउन सकिएको छैन । उपचारात्मक बनाउन सकिएको छैन । कथित रुपमा प्राविधिकको संज्ञा दिइएको छ । शिक्षण सिकाइमा सुधारका लागि एक महत्वपूर्ण औजार बनाउन सकिएको छैन । विद्यालय निरीक्षणलाई सामान्यतः लगियो । १०५३ वटा श्रोतकेन्द्र र ४६ वटा अगुवा स्रोतकेन्द्रहरुलाई बिना विकल्प हटाइयो । विद्यालय निरीक्षक पद कागजी मात्र बनाइँदैछ । प्रदेश र स्थानीय तहमा विद्यालय निरीक्षकको दरबन्दी कुनै संगठन संरचनाको तेरिजभित्र अट्न सकेन । यसको कुनै औचित्य महशुस गरिएन । बरु शिक्षा सेवामा कार्यरत जनशक्तिलाई सार्वजनिक सेवा प्रवाहमा अयोग्य र असक्षमको बिल्ला लगाइयो । शिक्षा सेवाप्रतिको नकारात्मक मनोविज्ञानले संघीय निजामती सेवा समेत पूर्वाग्रही र विभेदपूर्ण बन्दै गयो । गम्भीर सवाल तेर्सिएको छ । के साच्चिनै विद्यालय सुपरिवेक्षणको औचित्य समाप्त भएकै हो ?

**भावी सोंच**

शिक्षा क्षेत्रसँग सम्बन्धित गतिविधिहरु जिल्लाको एउटा कार्यालयबाट गरिने गतिविधिहरु स्थानीय तहको एउटा कोठामा थन्किएका छन् । एकजना कर्मचारी बिना पनि शिक्षाका गतिविधिहरु सञ्चालन भइरहेको अनुभूतिहरु सबैले गरेको भान भइरहेको छ । एक बर्षदेखि थन्किएका शिक्षकका कार्य सम्पादन मूल्यांकनहरु कुन दराजमा छन् कसैको खोजीको विषय भएको छैन । संघीय शिक्षा ऐन बिना स्थानीय तहले धमाधम शिक्षा ऐन र नियमावली बनाई आफ्ना गतिविधिहरु अगाडि बढ्नुपर्ने बाध्यताहरुलाई कसैले बुझेको छैन । शिक्षकका नियुक्ति, सरुवा र बढ्वा जस्ता सवालहरुलाई अलपत्रै पारेर शिक्षामा संघीयताको गलत अभ्यास गर्न खोजिँदैछ । संविधानमा प्रदत्त अधिकारहरुको गलत अभ्यास गरिँदैछ । भागवण्डा झैं अधिकारहरुलाई तानातान गरिदैछ । अभिशिष्ट अधिकारको नाउँमा केन्द्रीकृत सोंचको बाहुल्यता बढ्दै गइरहेको छ । विद्यालयका गतिविधिहरुः सामाजिक परीक्षण, विद्यालय व्यवस्थापन समितिको गठन, विद्यालय सुधार योजना निर्माण, शिक्षक र विद्यार्थीको नियमितता, कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन जस्ता कार्यहरु सम्पन्न गर्दै आएका विद्यालय निरीक्षकको पदलाई शाखा अधिकृत बनाउने कार्य अगाडि बढिसकेपछि निरीक्षणको आवश्यकता र औचित्यतामाथि नै प्रश्न चिन्ह खडा भइरहेको छ ।

अनुगमन बिना नत कक्षा कोठामा हुने पठनपाठनमा सुधार ल्याउन सकिन्छ न त तालिम सञ्चालनबाट सकारात्मक प्रभाव पार्न सकिन्छ । शिक्षक तथा प्रधानाध्यापकहरुको पेशागत विकासले उनीहरुको कार्य सम्पादनमा फरक पारेको हेर्न र परिमार्जन गरी पृष्ठपोषण गर्न योग्य र सक्षम सुपरिवेक्षकबाट निरन्तर सुपरिवेक्षण हुन जरुरी छ । शिक्षा सेवामा नवप्रवेशीलाई कम्तीमा तीन महिनाको सेवा प्रवेश तालिम र पुनर्ताजगी तालिमको व्यवस्था गर्नुका साथै विषयगत सुपरीवेक्षणका लागि आवश्यक संयन्त्रको विकास र प्रयोग आवश्यक छ । नतिजामा आधारित सुपरिवेक्षण पद्धतिको शुरुवात गरिनुपर्दछ ।

संघीयताको कार्यान्वयनसँगै तीन तहका सरकारहरु क्रियाशील भइरहेको वर्तमान परिप्रेक्ष्यमा उपचारात्मक सुपरिवेक्षणलाई कार्यान्वयनमा ल्याइनुपर्दछ । विद्यालय निरीक्षक पद हटाइनुको सट्टा यो पद र यस पदले गर्ने कार्यहरुलाई समयको माग र आवश्यकतासँगै विशिष्टिकृत र परिष्कृत गर्नुपर्दछ । नितान्त शिक्षकको पेशागत विकासको लागि विद्यालय निरीक्षकलाई पूर्ण रुपमा जिम्मेवार बनाइनुपर्दछ । तालिम प्रदान गरिनुपर्दछ । क्षमता विकासमा विशेष जोड दिइनुपर्दछ । प्रतिस्पर्धात्मक प्रक्रियाबाट स्रोतव्यक्तिको नियुक्ति गर्ने र शिक्षाशास्त्रमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेको व्यक्ति मात्र विद्यालय निरीक्षक, स्रोतव्यक्ति र प्रशिक्षक हुन पाउने व्यवस्था मिलाउन जरुरी छ । सुपरीवेक्षणलाई शिक्षण सिकाइको अभिन्न अंग बनाइनु पर्दछ ।

**अन्त्यमा,**

नेपालको शिक्षा क्षेत्रको सम्पूर्ण अवस्थाको विश्लेषण गरी उपयुक्त मार्ग प्रशस्त गर्न जरुरी छ । शिक्षा सेवामा देखिएको अव्यावहारिक, अवैज्ञानिक र पुरातनवादी सोंचलाई समयानुसार परिष्कृत गर्नुपर्दछ । शिक्षा सेवाको संगठन तथा व्यवस्थापनलाई आवश्यकता अनुसार यथार्थ, वस्तुगत र न्यायोचित ढंगले पुनरावलोकन गरिनुपर्दछ । कार्य विवरणबिना जनशक्ति व्यवस्थापन गरिनु हुँदैन । मन्त्रालयले मौजुदा जनशक्तिको उचित व्यवस्थापनको लागि योजना निर्माण गर्नु पर्दछ । दशकौंदेखि विद्यालय शिक्षामा सुपरिवेक्षणले पारेको सकारात्मक प्रभावलाई निरन्तरता दिन जरुरी छ । अनुगमनका नाममा विभिन्न नाम र समूहका हूलले गर्ने विद्यालय भ्रमणले कुनै प्रकारको शैक्षिक सुधारको अपेक्षा गर्न सकिँदैन ।

स्थानीय तहको शिक्षासँग सम्बन्धित काम गर्ने शाखालाई शिक्षकको तलब भत्ता, छात्रवृत्ति र पाठ्यपुस्तक वितरण गर्ने गोदाम घर बनाइनु हुँदैन । स्थानीय तहलाई संघ, प्रदेश र गैर सरकारी संस्थाहरुले गरेको काममा साँची बस्नुपर्ने संज्ञा दिने घीनलाग्दो प्रवृत्ति बदलिनुपर्दछ । संविधान प्रदत्त अधिकारको उचित रुपमा अभ्यास गर्ने मार्ग प्रशस्त गर्नुपर्‍यो । शिक्षकका भविष्य र वृत्ति विकाससँग जोडिएका पक्षहरुमा सम्बन्धित पक्ष चनाखो हुन जरुरी छ । शिक्षा सेवाका कर्मचारीहरुका अतिरिक्त स्रोतव्यक्ति र स्रोतकेन्द्रको अवधारणालाई परिष्कृत ढाँचामा अगाडि बढाउनुपर्दछ । नितान्त शिक्षकको पेशागत विकास तथा विद्यालयका यावत समस्याहरुसँग नजिक रही प्राविधिक सहायता प्रदान गर्ने कार्यमा लगाउन स्रोतव्यक्तिको व्यवस्थापन जरुरी छ । प्रत्येक स्थानीय तहमा विषयगत निरीक्षकको व्यवस्था गरिनुपर्दछ । विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत अनुगमनको पाटोमा जोडेर विद्यालय निरीक्षणलाई सहभागितामूलक र नतिजामूलक बनाउन आवश्यक छ ।

# गोपनीयता विवादमा फेसबुकलाई हालसम्मकै ठूलो जरिवाना

**झापा, साउन ९।** गोपनीयता सम्बन्धी चासोहरूको व्यवस्थापन गर्न सामाजिक सञ्जाल फेसबुकले हालसम्मकै सबैभन्दा ठूलो रकम जरिवाना तिर्नुपर्ने अमेरिकी अधिकारीले बताएका छन् । अमेरिकाको संघीय व्यापार आयोग (एफटीसी)का अनुसार फेसबुकले पाँच अर्ब डलर जरिवाना तिर्नेछ । फेसबुकले गोपनीयता हेर्ने एउटा स्वतन्त्र समिति पनि बनाउनुपर्नेछ । उक्त समितिमा फेसबुकका संस्थापक तथा प्रमुख मार्क जुकरबर्गको नियन्त्रण रहने छैन ।

**आरोप**

एफटीसीले राजनीतिक परामर्शदाता कम्पनी क्याम्ब्रिज एनालिटिकाले सात करोड ८० लाख फेसबुक प्रयोगकर्ताहरूको डेटा प्राप्त गरेको आरोपको जाँच गरेको थियो । उक्त जाँचमा 'फेसियल रिकग्निसन' भनिने अनुहार चिनिने प्रविधि लगायतलाई पनि सामेल गरियो । कुनै पनि कम्पनीले प्रयोगकर्ताको गोपनीयता उल्लंघन गरेको आरोपमा पाँच अर्ब डलर जरिवाना तिरेको पहिलो पटक हो ।

एफटीसीका अध्यक्ष जो सिमोन्सले भने- 'विश्वभरका अर्बौं प्रयोगकर्तालाई पटक-पटक प्रतिबद्धता जनाएर पनि फेसबुकले उनीहरूको व्यक्तिगत विवरण कसरी साझा




गर्ने भनेर नियन्त्रण गर्न सक्छ । फेसबुकले उपभोक्ताको छान्न पाउने हकलाई कम गरिदिएको छ ।'

उनले फेसबुकले हाल गरिरहेको गोपनीयताको उल्लंघनलाई कम गर्न र फेसबुकमा पूर्णरूपले गोपनीय संस्कृति विकास गर्न ठूलो जरिवाना लगाइएको बताए । बुधवार सार्वजनिक फेसबुकको वित्तीय विवरणले चाहिँ गोपनीयताबारेका चिन्ताहरूले ग्राहकहरूमा खासै प्रभाव नपारेको देखाएको छ । उसले यस वर्षको दोस्रो त्रैमासमा मासिक सक्रिय प्रयोगकर्ता आठ प्रतिशले बढेको जनाएको छ । विश्लेषकहरूको अनुमान विपरीत यसको विज्ञापनबाट हुने आम्दानी २८ प्रतिशतले बढेको छ ।

**फेसबुकको गल्ती**

सन् २०१८ को मार्चमा एफटीसीको उपभोक्ता संरक्षण ब्युरोले फेसबुकमाथि अनुसन्धान थालेको थियो । उक्त अनुसन्धानपश्चात् व्यक्तिगत डेटाहरू एउटा अनलाईन क्वीजमार्फत् जम्मा गरेर क्याम्ब्रिज एनालिटिकालाई बिक्री गरिएको पाइएको थियो । त्यो डेटा सन् २०१६ मा भएको अमेरिकी राष्ट्रपतीय चुनाव र यूकेको ब्रेक्जिट जनमतसंग्रहको नतिजा प्रभावित पार्न प्रयोग गरिएको दाबी पनि गरिएको थियो । यद्यपि दुई लाख ७० हजार मानिसले मात्र उक्त क्वीजमा सहभागिता जनाएका थिए ।

एकजना अधिकारकर्मीले अमेरिकीसहित करिब पाँच करोड प्रयोगकर्ताहरूको डेटा उनीहरूलाई थाहा नदिइकन उनीहरूका साथीहरूको सञ्जालबाट जम्मा गरिएको आरोप लगाएका थिए । तर, क्याम्ब्रिज एनालिटिका मात्र उपभोक्ताहरूको डेटामा पहुँच पुर्‍याउने कम्पनी थिएन । फेसबुकको पूर्वाधार प्रयोग गरेर अन्य धेरै कम्पनीहरूले पनि फाइदा लिएका थिए।गत अक्टोबरमा क्याम्ब्रिज एनालिटिका डेटा विवादमा फेसबुकको भूमिकालाई लिएर यूकेको डेटा संरक्षणबारे हेर्ने निकायले फेसबुकलाई पाँच लाख पाउन्ड जरिवाना तिराएको थियो । - *बीबीसी*

# ६ हजार ५ सय पुस्तक सर्भरमा

**इलाम, साउन ९।** विश्वमा प्रबिधिको चरम बिकास भइरहेको बेला इलामको दुर्गम गाउँहरुमा पनि छ हजार पाँच सय पुस्तक राखिएको इ-लाइबेरी सर्वर सञ्चालनमा आएको छ ।

रोङ गाउँपालिकाको सहयोगमा बिद्यालयहरुलाई प्रविधिमैत्री बनाउन आई सी टी कार्यक्रम अनुसार वडा नं. ५ मा रहेको उमा महेश्वर माध्यामिक बिद्यालयमा उक्त इ-लाइबेरी सर्भर जडान गरिएपछि उक्त लाइबेरीमा छ हजार पाँच सय बटा किताबहरु सजिलै पढ्न सुन्न र हेर्न सकिने भएको छ । सर्भरको सात सय जीबी डाटामा दुई हजार पुस्तकहरु सुन्न, एक हजार पाँच सय नतिरी हेर्न र तीत हजार नतिरी पुस्तकहरु पढ्न सकिने रहेको छ ।

बिद्यालयका बालबालिकाहरुका लागि साझा इ-पाटी पुस्तकालयले सञ्चालन गरेको इ-लाइबेरी सर्वरमा कक्षा १ देखि कक्षा १२ सम्मका बालबालिकाहरुका लागि पाठ्यक्रममा पाठ्यपुस्तकमा राखिएका विषयवस्तुहरु रहेकोमा कक्षा १ देखि ८ सम्मका लागि नेपाली र अंग्रेजी दुबै माध्यामका पाठ्यपुस्तकहरु अडियो भिडियो र खेलको रुपमा समेत रहेको छ ।

माथिका कक्षाहरुका लागि ५० प्रतिसत पाठ्यपुस्तका सामग्रीहरु, शिक्षक निर्देशिका, सर्न्दभ सामग्रीहरु र पाठ्यक्रमहरु समेत राखिएको साथै बिद्याथीको कक्षा, स्तर र रुची अनुसार अन्य सामग्रीहरु समेत रहेको बिद्यालयका शिक्षक कान्तिराम पन्तले बताए । सर्वरबाट राउटर जडान गरि एकैसाथ डेक्सटप, ल्यापटप र मोबाइलमा समेत चलाउन सकिने प्रबिधि रहेकोले बिद्यालयका हरेक कक्षामा चलाउन र कतिपय सामग्रीहरुत डाउनलोड पनि गर्न सकिने कक्षा १० का लागि केन्द्रित गरेर अनिवार्य रहेका छ वटा बिषयहरुको शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति बिकास केन्द्रल तयार पारेको प्रत्यक्ष शिक्षणमा आधारित छ ।

श्रव्य दृश्य समेत रहेकोले एसईई का तैयारीमा रहेका बालबालिकाहरुका लागि शिक्षकको अनुपस्थितिमा समेत उपयोगी रहेको इ-लाइबेरी सर्वरका मेची प्रतिनिधि सरोज लम्सालको भनाइ रहेको छ । सर्वर जडानपछि सबै पुस्तकहरु इन्टलेशन साझा इ-पाटीले गरी दिने, सर्वरको अफलाइनमा राखिएका पुस्तकहरु इन्टरनेटका पहुँच नभएको स्थानमा समेत पवढ्न र डाउनलोड समेत गर्न सकिने, आवश्यकता अनुसार परामर्श र एक वर्षभित्र पाठ्यक्रम परिवर्तन भएमा परिवर्तित पाठ्यक्रमको इन्टलेसन समेतको बेवस्ता रहेका लम्साल बताउँछन् ।

पुस्तकको मूल्य १० हजार र ग्राहकको छनौट अनुसारको हार्डवयेर डिभाइससहित अधिकतम् ६५ हजार मूल्यमा जडान गर्न सकिने इ-लाइबेरी सर्वरको उपयोगिता र महत्वको बारेमा रोङ गाउँपालिकाले निकट दिनमा नै सरोकारवालाहरुसँगको प्रर्दशनी र अन्तरक्रिया गर्ने तैयारी गरेको रोङ गाउँपालिकाको अध्यक्ष शमशेर राईले बताए ।

